नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मी

मुद्दाः- न्यून गुण स्तर ।

मि.नं.-३३ दायर मिति :-२०७५/०४/२४

फैसला मिति :-२०८०/६/४

| वादी | प्रतिवादी |
|---|---|
| खाद्य निरीक्षक श्रवण कुमार साहको जाहेरीले वादी नेपाल सरकार.....................................१ | जिल्ला पर्सा ,वीरगंज उ.म.न.पा.-१८ स्थित बोलबम प्योर वाटर उद्योगको प्रोप्राईटर पविता कुमारी साह-------------१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

## तथ्य-खण्ड

१.बजार निरीक्षणको कममा प्रशोधित पिउने पानीको नमूना संकलन अनुसुची-२ भरेको मुचुल्का ।

२.बिश्लेषण परीक्षण नमूना अनुसुची-४ जिल्ला प्रशासन कार्यालय ,पर्सा समेतमा पठाईएको ।

३. सा.बि ज्यूबाट गुणस्तर मापदण्ड भित्र नपरेको भनी कैफियत उल्लेख भएको ।

४.मुद्दा चल्ने वा नचल्ने निर्णयको लागी जि.स. व का. पर्सामा पेश हुदाँ मुद्दा चल्नेभई मिति २०७५।०३।२७ मा निर्णय भएको।

## ठहर खण्ड

यसमा मिति २०७३।१२।११ गते वोलवम प्योर ड्रिङकिङ वाटर उद्योगबाट पिउने पानीको नमूना संकलन गर्दा भरेको अनुसूची-२ बिश्लेषनार्थ नमूना पठाएको अनुसूची-४ सा.बि. ज्यू बाट प्राप्त बिश्लेषण प्रतिवेदन अनजुसूची-५ र टोटल मेसोफिलिक ब्याक्टरिया गणना २५ प्रति एम.एल मा नबढेको हुनुपर्नेमा २५०० बढी पाईएकोमा दण्ड सजायको मांगदावी लिए बाट प्रतिवादीले खाद्य ऐन २०२३ को दफा २(ग)२ ले भने जस्तो न्यून गूण स्तरको पिउने पानी उत्पादन गरि बिक्रि बितरण गरेको पुष्टी हुन आयो अतः प्रतिवादीले सोही ऐनको दफा ३ बिपरीत कसूर अपराध गरेको ठहर्छ। सो ठहर्नाले सोही ऐनको दफा ५(१) बमोजिम फरार व्यक्ति बोलबम प्योर ड्रिङकिङ वाटर उद्योगको प्रोप्राइटर पविता कुमारी साहलाइ रु २,०००।- (अक्षरेपी रु दुई हजार) मात्र जरिवाना हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए ।

## तपसिल खण्ड

१.माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निज प्रतिवादी फरार व्यक्ति बोलबम प्योर ड्रिङकिङ वाटर उद्योगको प्रोप्राइटर पविता कुमारी साहलाई खाद्य ऐन २०२३ को दफा ५(१) बमोजिम रु २,०००।- (अक्षरेपी रु दुई हजार) मात्र जरिवाना हुने ठहरेकोमा जरिवानाको हकमा प्रतिवादीलाई ठहर भएको जरिवाना रकम बुझाए बुझि लिने नबुझाए सो वापत कैद ठेक्नु। ........................................................................................१

२.प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु.........................................................................................१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु। ..............................................१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु.........................................................................................................................................१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल असोज महिना ४ गते ५ रोज शुभम्...................................................................... ।